# बालश्रम मुक्त समाज निर्माणका लागि अघि बढौं ।

१६ बर्ष मुनिका बालबालिकालाई घरेलु श्रम लगायत् कुनैपनि किसिमको जोखिमपूर्ण श्रममा संलग्न गराउन पाईंदैन ।



विश्वमा भएका बालश्रमिकहरूको १ प्रतिशत बालबालिका नेपालमा छन् । नेपालमा १६ लाख बालबालिका श्रम शोषणमा छन्, त्यस मध्ये ९ लाखको संख्या बालिकाहरूको छ[१] ।



नेपालमा ६ लाख २१ हजार बालबालिकालाई जोखिमपूर्ण श्रममा संलग्न गराइएको छ । यी बालबालिका बेचविखन, यौन शोषण, कुटपिट जस्ता हिंसामा परिरहेका छन्[२] ।



घरेलु श्रममा संलग्न बालबालिका मध्ये ५६.८५ प्रतिशत बालबालिका यौनदुर्व्यवहारमा परेको पाइएको छ[३] ।



काभ्रे जिल्लाका २५ गा.वि.स.मा भएको अध्ययनमा ११ प्रतिशत बालबालिका बाल श्रमका लागि गएको देखिएको छ[४] ।



४५ प्रतिशत भन्दा बढी बालश्रमिकहरू विद्यालय जानबाट वञ्चित रहेका छन्[५] ।

बालबालिकालाई श्रमिकको रूपमा काममा लगाएमा **१ वर्षसम्म कैद** वा **रू ५०,०००/-** सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

---

१ श्रम शक्ति सर्वेक्षण, २०६६
२ श्रम शक्ति सर्वेक्षण, २०६६
३ सिविस, २००५
४ सिविस, २०१४
५ सिविस, २०१३

बालश्रम आधुनिक समाजको लागि लज्जाको विषय हो । आज पनि नेपालमा लाखौं बालबालिका श्रमरूपी नरकमा बाँच्न बाध्य छन् । एक्काइसौं शताब्दीको वैज्ञानिक युग र नयाँ नेपालको परिकल्पनाका साथ समाज अगाडि बढिरहेको अवस्थामा बालबालिका श्रमिकको रूपमा प्रयोग भइरहनु आधारभूत मानवअधिकारको हनन् हो । बालश्रमको प्रयोग गर्नु र हुन दिनु राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा हामीले प्रतिबद्धता गरेका मानवअधिकारसम्बन्धी सन्धि र सम्झौताविरूद्धको कार्य हो ।

## बालश्रम सामाजिक तथा कानुनी अपराध

कतिपय अभिभावकले आफ्ना बालबालिकाले मिठो खान पाउँछन्, राम्रो लगाउन पाउँछन् भन्ने आशामा शहरमा काम गर्न पठाएको पाइन्छ । शहरमा कतिपय अभिभावकहरूले बालबालिकाको कल्याण गरेको नाममा घरेलु श्रम, होटल तथा साना चिया पसलमा बालबालिकाको प्रयोग गरिरहेको पाइएको छ । यसरी बालबालिकालाई श्रममा संलग्न गराउनेमा उद्यमी, व्यवसायी, सरकारी तथा निजी र गैससमा काम गर्ने व्यक्तिहरू समेत छन् ।

घरेलु बालश्रमलाई नेपाल सरकारले पनि निकृष्ट प्रकारको श्रमको रूपमा वर्गीकृत गरेको छ ।

तसर्थ बालबालिकालाई श्रममा संलग्न नगराऔं ।

बालबालिकालाई यसरी श्रममा संलग्न गराउनु कानुनी रूपमा अपराध हो ।

## घरेलु बालश्रमको विकल्प : घरेलु श्रममा युवा श्रमिकहरूको प्रयोग

अन्तर्राष्ट्रिय कानुन र राष्ट्रिय कानुनले बालश्रमलाई कानुनी तथा सामाजिक रूपमा दण्डनीय अपराधका रूपमा लिएको छ भने घरेलु बालश्रमलाई हटाई वयस्क घरेलुश्रमिकहरूको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) ले घरेलु श्रमसम्बन्धी महासन्धि नं १८९ लाई पारित गरी सकेको छ । यस महासन्धिले घरेलुश्रमलाई पनि अरू श्रम जस्तै सम्मानित श्रमको दर्जा दिएको छ । हामीले पनि घरेलु श्रममा वयस्कहरूको प्रयोग गर्न सक्छौं जस्ले युवालाई रोजगारी सिर्जना गर्नुको साथै बालश्रम अन्त्यका लागि महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको संविधान २०७२, भाग २ (धारा ३९) अनुसार कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने तथा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

भाग ४ (धारा ५१, उपधारा झ) अनुसार नेपालबाट बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने उल्लेख गरिएको छ । बालबालिकालाई श्रममा लगाउनु संविधान र कानुन विपरित काम गर्नु हो ।

त्यस्तै बालबालिका सम्बन्धी ऐन २०४८ ले पनि यसलाई दण्डनीय मानेको छ ।

बालबालिकालाई श्रममा संलग्न गराउनु कानुनी तथा सामाजिक अपराध हो । बालश्रमको प्रयोग गरेमा श्रम कार्यालय मार्फत दण्ड सजाय व्यवस्था सहितको सूचना श्रम मन्त्रालयले प्रमुख राष्ट्रिय पत्रिका मार्फत प्रकाशित गरेको छ । हामी यहाँहरू समक्ष घरेलु श्रममा बालबालिकाको प्रयोग नगर्न अनुरोध गर्दछौं ।

यदि यहाँको घरमा श्रमिकको रूपमा बालबालिकाको प्रयोग गरिएको भए शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको ग्यारेन्टीका साथ पारिवारिक पुनर्मिलनको व्यवस्था गर्न र आफ्नै घर परिवारमा पठाउन अनुरोध गर्दछौं । हामी आशा गर्दछौ कि बालश्रम मुक्त नेपालको निर्माणमा यहाँको महत्वपूर्ण भूमिका रहने छ ।

# बालबालिकाविरूद्ध कुनै पनि किसिमका हिंसा, दुर्व्यवहार भएमा र मनोसामाजिक समस्या देखा परेमा सम्पर्क गर्नुहोस् ।

# १६६० ०१ १०००० वा १०९८

यो नम्बरमा नेपालभरि जहाँबाट फोन गरे पनि पैसा लाग्दैन ।

सिविस CWISH

Save the Children

थप जानकारीका लागि : समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस), पो.ब.नं.: २१४३३, बुद्धनगर, काठमाण्डौ, फोन नं.: ०१ ४७८४५४५, ०१ ४७८०४४६, सल्लाह, सुझाव र प्रतिक्रियाका लागि नि:शुल्क फोन : १६६०-०१-२३२३३, फ्याक्स: ०१-४७८१३८६, इमेल : info@cwish.org.np

facebook.com/cwishnepal youtube.com/cwishnep www.cwish.org.np

2015